नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८२/०२/१२

**चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2025) को खुला समूहको अनलाइन प्रणालीबाट भर्नाका लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्न अनलाइन प्राथमिकताक्रम निर्धारण र म्याचिङसम्बन्धी सूचना**

चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2025) को मिति २०८१/१०/२६ गतेदेखि ऐ. २८ गतेसम्म सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८१/११/०३ गतेदेखि ऐ. ०६ गतेसम्म प्रकाशित नतिजाको योग्यताक्रममा रही मिति २०८१/११/१५ गते प्रकाशित खुला समूहको योग्यताक्रममा रहेका उम्मेदवारहरूको मिति २०८१/१२/१४ गते प्रकाशित चिकित्सा शिक्षा स्नातकोत्तर तहको खुला समूहको अनलाइन प्रणालीबाट भर्नाका लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्न सिट, अनलाइन प्राथमिकताक्रम निर्धारण, म्याचिङ तथा भर्नासम्बन्धी कार्यतालिका बमोजिमका कार्यक्रमहरू मिति २०८१/१२/२२ गतेको सूचना बमोजिम स्थगित गरिएकोमा मिति २०८१/१२/१४ गते प्रकाशित सूचना बमोजिम प्राथमिकता निर्धारण गरेका उम्मेदवारहरूले उक्त प्राथमिकताक्रममा सम्पादन (Edit) गर्न र प्राथमिकताक्रम निर्धारण गर्न बाँकी उम्मेदवारहरूले अनलाइन प्रणालीबाट प्राथमिकताक्रम निर्धारण गर्नका लागि मिति **२०८२/०२/१२ गते बेलुका ७:०० बजेदेखि २०८२/०२/१८ गते अपरान्ह ५:०० बजेसम्म** शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्न चिकित्सा शिक्षा आयोगको वेवपोर्टल https://entrance.mec.gov.np मार्फत अनलाइन प्राथमिकताक्रम निर्धारण गर्न चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्वन्धी कार्यविधि, २०७९ (संशोधन सहित) बमोजिम पुनःसूचना प्रकाशन गरिएको छ ।

**अनलाइन प्रणालीमा शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकता निर्धारण (Online Priority Setting) गर्ने प्रक्रियाः**

१. एकीकृत प्रवेश परीक्षा MECEE-PG 2025 को नतिजाको खुला समूहको योग्यताक्रममा रहेका उम्मेदवारले https://entrance.mec.gov.np मा ब्राउज (**browse**) गरेपश्चात् **login** बटनमा क्लिक गरी आफ्नो **Username** र **Password** राखेर **Profile login** गर्नुपर्नेछ ।

२. आफ्नो प्रोफाइल खुलिसकेपछि देखिने **Application menu** मा क्लिक गर्नुपर्नेछ ।

३. MECEE-PG 2025 **view details** मा क्लिक गर्नुपर्नेछ ।

४. योग्यताक्रममा नाम समावेश भएको **Program** को **Action column** मा रहेको **Set college priority** बटनमा क्लिक गर्नुपर्नेछ ।

५. प्राथमिकताक्रम निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको **"Add College and Program"** बटनमा क्लिक गरेपछि शिक्षण संस्था र शैक्षिक कार्यक्रम ड्रपडाउन मेनु (**drop-down menu**) मा देखिनेछ । सो सूचीबाट प्राथमिकताक्रमका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम/विषय छनौट गर्नु पर्नेछ । त्यहाँ रहेको **"Insert below"**, **"Insert above"** र **"Remove"** बटनले उम्मेदवारको प्राथमिकताक्रम

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

थप्न/सच्याउन/हटाउन सकिनेछ । अन्त्यमा प्राथमिकता निर्धारण गरेपछि **"Save college and program priority"** बटनमा अनिवार्य रूपमा क्लिक गर्नुपर्नेछ ।

६. यस सूचना र आयोगको अनलाइन प्रणालीमा दिएका जानकारीहरू अध्ययन गरी आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था र शैक्षिक कार्यक्रम/विषय मात्र छनौट गरी प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।
७. आयोगले निर्धारण गरेको अनलाइन प्राथमिकता निर्धारण **(online priority setting)** को समयसीमाभित्र आफूले छनौट गरेको प्राथमिकताक्रम परिवर्तन/संशोधन गर्न सकिनेछ । प्राथमिकताक्रम निर्धारण वा परिवर्तन/संशोधन गरेपश्चात् **"Save college and program priority"** बटनमा क्लिक गरी अनिवार्य रूपमा सुरक्षित **(save)** गर्नु पर्नेछ उक्त वटन क्लिक नगरेमा आफुले भरेको विवरण सुरक्षित **(save)** हुने छैन । निर्धारित समय समाप्त भएपश्चात् प्राथमिकताक्रम परिवर्तन/संशोधन गर्न नसकिने भएकाले समयमै प्राथमिकताक्रम निर्धारणको कार्य सावधानिका साथ अन्तिमीकरण गर्नुपर्नेछ ।
८. उम्मेद्वारहरूले शिक्षण संस्था र शैक्षिक कार्यक्रम/विषयको प्राथमिकताक्रम निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले निर्धारण गरेको प्राथमिकताक्रमको कन्फर्मेसन पेज **(confirmation page)** डाउनलोड **(download)** गरी सुरक्षित गर्नु पर्नेछ ।
९. अनलाइन प्राथमिकताक्रम निर्धारणको समय समाप्त भएपश्चात् उम्मेदवारको योग्यताक्रम, प्राथमिकताक्रम र उपलब्ध सिटका आधारमा कम्प्युटरमा प्रणालीमा आधारित **(computer based)** म्याचिङ गरिनेछ ।
१०. स्नातकोत्तर तह (MECEE-PG 2025) को खुला समूहको पहिलो म्याचिङको नतिजा मिति २०८२/०२/२१ गते प्रकाशन गरिनेछ ।

*पुनश्चः मिति २०८१/१२/१४ गते प्रकाशित सूचना अनुसारको सिटमा प्राथमिकताक्रम निर्धारण गरेका उम्मेदवारहरूले यसै सूचनामा उल्लिखित समयावधिमा पुनः सम्पादन (Edit) नगरेमा पहिला निर्धारण गरेको प्राथमिकताक्रमको आधारमा म्याचिङ गरिनेछ ।*

२०८२/०२/१५

मञ्जु अधिकारी
उपसचिव